
'ओपन माईक नेपाल' बुलेटिनको नवौं अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरु, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पु¥याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरु र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरुलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

# सवाल



## बडिखेल, ललितपुर

"काठमाडौंमा हैजा फैलिएको हल्ला चलेकोले यहाँ पनि हैजा फैलिएको हो कि भन्ने आशंका छ।"

# जवाफ

पछिल्लो केहि हप्तामा काठमाडौंका विभिन्न स्थानमा झाडापखालाका करिव ६० जना बिरामीमा हैजाको जिवाणु फेला परेको छ। ललितपूरमा पनि केहि बिरामीमा पनि हैजाको जिवाणु फेला परेको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार यस्ता बिरामीमध्ये धेरैजना निको भएर घर फर्किसकेका छन्।

हैजा पानीबाट सर्ने रोग हो। पानी उमालेर मात्र खाएमा हैजा लगायतका पानीबाट सर्ने रोगहरुबाट बच्न सकिन्छ। त्यसलै जारको वा अन्य जुनसुकै स्रोतको पानी उमालेर मात्र पिउनु राम्रो हुन्छ।

एउटै परिवारमा वा छरछिमेकमा एकैपटक धेरैजनालाई झाडापखाला र वान्ता भएमा हैजाको लक्षण हुनसक्छ। तर, झाडापखाला लाग्दैमा हैजाको संक्रमण भएको नै हो भन्ने छैन।

हैजाको संक्रमण भएमा तारन्तार पानीजस्तै पातलो दिसा हुने, वान्ता हुने, मांशपेशी बाउँडिने जस्ता समस्या देखिन्छन्।

यस्तो संकेत देखिएमा पुनर्जलीय झोल खुवाउनुका साथै तत्काल पर्याप्त मात्रामा सलाइन पानी उपलव्ध हुने स्वास्थ्य संस्थामा लगेर बिरामीको उपचार गराउनुपर्छ।

हैजाका बिरामी छिट्टै शिथिल हुने र यसबाट ज्यान समेत जानसक्ने हुनाले यस्तो संकेत देखिने बितिकै स्वास्थ्य संस्थामा लगिहाल्नु पर्छ।

डा. शेरबहादुर पुन
प्रवक्ता
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
९८४९२४६१४०

डा. बाबुराम मरासिनी
निर्देशक
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
स्वास्थ्य सेवा विभाग
०१-४२५५७९६


# हल्ला

## चौतारा, सिन्धुपाल्चोक

"सरकारी कर्मचारीले भूकम्प पिडित परिचय पत्र लिन नपाउने हो भन्छन् तर यहाँ त लिएका छन् ।"

## चालिङ, भक्तपुर

"घर पूर्ण रुपमा क्षति नभएका परिवारले रातो परिचय पत्र लिएको जानकारी भएमा कारबाही हुन्छ भन्छन् ।"



# यथार्थ

भूकम्प पिडित परिचय पत्र भूकम्पको कारणले घर क्षति भएका परिवारलाई वितरण गरिन्छ । परिचय पत्रमा घर पूर्ण वा आंशिक रुपमा क्षति भएको कुरा उल्लेख गरिन्छ ।

घरमूलीको पेशा वा व्यवसायले भूकम्प पिडित परिचय पत्र पाउने योग्यता निर्धारण गर्दैन । त्यसैले कुनै सरकारी कर्मचारीको घर भूकम्पका कारणले भत्किएको र बैकल्पिक बसोबासको व्यवस्था नभएको अवस्थामा उनले पनि भूकम्प पिडित परिचय पत्र पाउँछन् ।

यदि गलत विवरण पेश गरेर कुनै पनि सरकारी कर्मचारीले भूकम्प पिडित परिचय पत्र लिएको पाइएमा उसको विरुद्ध पनि जिल्ला दैविप्रकोप उद्दार समिति समक्ष उजुरी दिन सकिन्छ ।

यस सम्बन्धमा कसैले उजुरी गरेमा सोको आधारमा जिल्ला दैविप्रकोप उद्दार समितिले प्रहरी मार्फत अनुसन्धान गर्छ ।


कसैले गलत विवरण बुझाएर भूकम्प पिडित परिचयपत्र लिएको छ भने उसलाई कानुन बमोजिम कारवाही हुन्छ ।

गल्ति प्रमाणित भएमा निजको परिचय पत्र जफत हुनुका साथै रु. १ हजार जरिवाना वा १५ दिनको जेल सजायँ हुनसक्छ ।

तोयम् राय
प्रमूख जिल्ला अधिकारी
भक्तपूर
९८५१२१७७७७

बलभद्र गिरी
प्रमूख जिल्ला अधिकारी
सिन्धुपाल्चोक
९८५१२५७७७७

# हल्ला



## लहरेपौवा, रसुवा

“सरकारको अस्थायी पुनर्वास रे, हामीले जग्गा भाडा तिर्ने आफैँ जग्गा व्यवस्थापन गर्नुपर्ने, छाप्रो आफैँ बनाउनुपर्ने, यो कस्तो सरकारी पुनर्वास हो ?”

## स्याउले, सिन्धुपाल्चोक

“सरकारले सुविधासम्पन्न स्थानमा लगेर पुनर्स्थापना गर्छ भन्ने हल्ला छ।”

# यथार्थ

सरकारले जोखिममा रहेका बस्तीहरूको सूची तयार पारेको छ। यो सूची भूकम्प प्रभावित जिल्लामा खटिएका भूकम्पविद्हरु र ती जिल्लाका निर्वाचन क्षेत्रका प्रत्यक्ष निर्वाचित सभासद्को संयोजकत्वमा बनेको टोलीले तयार पारेको छुट्टाछुट्टै प्रतिवेदनमा आधारित छ।

यो सूची जिल्ला प्रशासन कार्यालयसँग छ। त्यहाँबाट आफ्नो गाउँ स्थायी बसोबासका लागि सुरक्षित हो वा होइन भन्ने जानकारी लिन सकिन्छ।

जिल्ला दैविप्रकोप उद्दार समिति रसुवाका अनुसार विस्थापित परिवारको अस्थायी आवास निर्माणका लागि सरकारले विभिन्न संघ संस्थासँगको समन्वयमा जस्तापाता वितरण, शिविर व्यवस्थापन तालिम र अन्य सहयोग उपलब्ध गराएको छ। तर, शिविर रहेको व्यक्तिगत जग्गाको भाडा भने सरकारले तिर्दैन।

सरकारले राष्ट्रिय पुनर्निर्माण नीति तर्जुमा गरिरहेको छ। नीतिको मस्यौदामा स्थानान्तरण गर्नुपर्ने बस्ती सकेसम्म साविकको बस्तीको नजिकै वा अहिलेकै निर्वाचन क्षेत्र भित्र वा सम्बन्धित जिल्लामा नै पुनर्स्थापना गरिने उल्लेख छ।

यो नीति आएपछि पुनर्निर्माण प्राधिकरणले स्थायी पुनर्वासको प्रक्रिया अगाडि बढाउने छ। मस्यौदामा उल्लेख भए अनुसार, व्यक्तिगत घर निर्माणको लागि सरकारले आर्थिक र प्राविधिक सहयोग गर्ने छ तर घर भने घरधनी स्वयंले बनाउनु पर्ने छ।

विस्थापित परिवारलाई कहाँ लगेर स्थायी पुनर्स्थापना गर्ने हो भन्ने विषय टुंगो लाग्न बाँकी नै छ।

घर बनाउन थाल्नु अघि तपाईँको जग्गा घर बनाउन उपयुक्त हो वा होइन यकिन गर्नुहोस्। त्यसका लागि जिबिस र नजिकको नगरपालिकाका प्राविधिकको सहयोग लिन सकिन्छ।

**शिवराम गेलाल**
प्रमूख जिल्ला अधिकारी
रसुवा
९८५१२७७७७७

**काशिफ खान**
सूचना व्यवस्थापन अधिकृत
शिविर व्यवस्थापन तथा
समन्वय उपसमिति
९८०११०८४६९

# सवाल



## मंगलटार, काभ्रेपलाञ्चोक

"मेरो घर भत्काउन केहि मानिसलाई लगाएको थिएँ। घर भत्काउने क्रममा ४ जना घरले पुरिएर घाइते भएका छन्। म उनीहरूको उपचार खर्च व्यहोर्न सक्ने स्थितिमा छैन। घाइतेलाई तलमाथि भइहाल्यो भने यसको दोषी को हुन्छ? घर भत्काउने क्रममा घरले थिचिएर घाइते भएकालाई राज्यले उपचार खर्च दिन्छ कि दिदैन?"

# जवाफ

संरचना भत्काउने वा पन्छाउने क्रममा घाइते भएकालाई सरकारले उपचार खर्च दिंदैन।

राष्ट्रिय भवन संहितामा कामदारको दुर्घटना बिमा गर्नुपर्ने व्यवस्था छ। दुर्घटना जिवन विमा कम्तिमा पनि रु. २ लाखको गर्नुपर्छ। अन्य दुर्घटनाको हकका बिमाको न्यूनतम रकम राष्ट्रिय बिमा संस्थानले निर्धारण गरे बमोजिम हुनुपर्छ।

व्यवहारमा भने कामदारको कार्यस्थलमा हुने दुर्घटना र मृत्यूको बिमा गर्ने गरेको पाईंदैन। त्यसैले क्षतिपुर्तिको बिषय काम लगाउने व्यक्ति र कामदारमा निर्भर रहने गरेको छ।

घर भत्काउने काम जोखिमपूर्ण हुने भएकोले सुरक्षाका निम्न उपाय अपनाउनु आवश्यक छ:

- भूकम्पले गर्दा संरचनाहरु भित्रभित्रै कमजोर भएका हुनसक्छन्। घर ढलेर दुर्घटना नहोस् भन्नका लागि घर भत्काउन शुरु गर्नुअघि भत्काउने घरलाई टेको लगाउनु पर्छ।
- रातको समयमा यदि पर्याप्त उज्यालो छैन भने घर भत्काउने काम गर्नु हुँदैन।
- मानिसहरुलाई सम्भावित खतराको बारेमा सचेत गर्नका लागि सम्बन्धित स्थानमा खतराको सूचक राख्नुपर्छ।
- सुरक्षाका लागि कामदारले हेल्मेट, चस्मा, पञ्जा तथा जुत्ता लागाउनु पर्छ।
- ६ मिटर भन्दा अग्लो स्थानमा काम गर्नुपर्दा सुरक्षा पेटी वा डोरीको प्रयोग गर्नुपर्छ।

सुरक्षाको उपाय सम्बन्धि थप जानकारी राष्ट्रिय भवन संहिता २०६४ मा उपलब्ध छ।
विस्तृत जानकारीका लागि यहाँ क्लिक गर्नुहोस्।

रवि शाह
उप महानिर्देशक
शहरी विकास तथा भवन निर्माण विभाग
०१४२६३४०६, ४२६२३६५
एक्स्टेन्सन: ६५

# हल्ला



## फिनाम, गोरखा

"ज-जसले टहरा बनाएका छैनन्, उनीहरूले राहत स्वरुप  पाएको पंन्ध्र हजार रुपैयाँ सरकारले नै फिर्ता लिने रे । सरकारले दिने भनेको २ लाख रुपैयाँ हामीले फेरि २ वर्षभित्र नै सरकारलाई फिर्ता गर्नु पर्छ रे, के हो ?"

# यथार्थ

भूकम्प पिडित परिचय पत्र पाएका पिडितले अस्थायी टहरा निर्माणको लागि प्राप्त नगद फिर्ता गर्नु पर्दैन ।

परिवारले अस्थायी टहरा निर्माणको लागि अन्य संघ संस्थाबाट जस्तापाता सहयोग पाएको वा आफैसँग उपलव्ध साम्रगी प्रयोग गरी टहरा बनाएको भए राहतको रु. १५ हजार अस्थायी टहरा निर्माणमा खर्च गर्नु पर्दैन ।

घर निर्माणको लागि सरकारले उपलव्ध गराउने रु. २ लाख कहिले र कसरी वितरण गर्ने भन्ने बारेमा सरकारले अहिलेसम्म कार्यविधि बनाएको छैन । तर, अहिले उपलव्ध गराइएको रु. १५ हजार रु. दुई लाखको सहयोग रकम बाट पछि घटाइने छ ।

पिडित परिवारलाई घर निर्माणका लागि सरकारले उपलव्ध गराउने अनुदानको कुनै पनि रकम फिर्ता गर्नु पर्दैन ।

उद्धव तिमल्सिना
प्रमूख जिल्ला अधिकारी
गोरखा
९८५६०५७७७७

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयंसेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन् । साउन ३ देखि भाद्र १० गतेसम्म स्वयंसेवकहरूले १० जिल्लाका करिब २०० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन् । विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन् ।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरु

accountabilitylab
Local Interventions Group data-driven development
Internews